लुङ्ग्री गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

२०८३/०८४ को चौथो गाउँकार्यपालिका बैठकका संक्षिप्त निर्णयहरु:

(मिति २०८३/०७/११)

निर्णय नं.	निर्णयको विषय	निर्णयको ब्यहोरा
१.	**गाउँ कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**	लुङ्ग्री गाउँपालिकाको आ.ब. २०८३/८४ को ३ वटा कार्यपालिकाको बैठक सम्पन्न भएको छ। उक्त बैठकले गरेका निर्णयहरु हालसम्म कार्यान्वयन भएको छ र यसको प्रभावकारिता अझै बढाउँदै लैजाने निर्णय गरियो।
२.	**लुङ्ग्री गाउँपालिकाबाट प्रवाह हुने भूमी प्रशासन सेवामा भू-सेवा केन्द्रबाट प्रदान गरिने सेवाको सेवा शुल्क सम्बन्धमा।**	लुङ्ग्री गाउँपालिकाबाट प्रवाह हुने भूमी प्रशासन सेवा सञ्चालन गर्नका लागि भू-सेवा केन्द्र सञ्चालन गर्नुपर्ने भएको छ। उक्त भू-सेवा केन्द्रबाट प्रवाह हुने सेवाको शुल्कमा एकरुपता ल्याउनका लागि पछि गाउँसभाबाट स्विकृत गराउने गरी तपसिलमा उल्लेख भए बमोजिम सेवा शुल्क निर्धारण गर्ने।
३.	**स्थानीय सार्वजनिक खरिद नियमावली, २०८३ निर्माण सम्बन्धमा।**	लुङ्ग्री गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८३ अनुसूची-१ मा उल्लेख भए बमोजिम पारित गर्ने।
४	**लुङ्ग्री गाउँपालिका अन्तर्गतका खोला तथा घाटबाट नदीजन्य पदार्थको उत्खननको लागि सुरु गरिएको IEE प्रतिवेदन स्विकृती सम्बन्धमा।**	लुङ्ग्री गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम प्रकृया अगाडी बढाइएको लुङ्ग्री गाउँपालिका अन्तर्गतका नदीहरुको नदीजन्य पदार्थको उत्खनन गर्नका लागि केष्ट ईन्जिनियर्स प्रा.लि., प्यूठान सँग संक्षिप्त वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयार पार्नका लागि भएको सम्झौता बमोजिम उक्त परामर्शदाताले IEE प्रतिवेदन पेश गरेको छ। सो प्रतिवेदनलाई स्विकृत गर्ने।
५	**भैसी पर्वर्धन कार्यक्रम सञ्चालन सम्बन्धमा।**	संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गतको भैसी प्रवर्धन कार्यक्रमका लागि प्राप्त भएको बजेट अन्तर्गत लुङ्ग्री गाउँपालिकाको वडा नं. ३ मा सो कार्यक्रम सञ्चालन गर्ने।
६	**आलु पकेट विकास कार्यक्रम सञ्चालन सम्बन्धमा।**	संघीय सशर्त अनुदान मार्फत लुङ्ग्री गाउँपालिकाको लागि प्राप्त भएको आलु पकेट विकास कार्यक्रम सञ्चालन उक्त कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन गर्न लुङ्ग्री गाउँपालिका वडा नं. ५ लाई छनौट गर्ने।
७	**गाउँपालिकाको आ.ब. २०८३/८४ को संघीय विशेष अनुदानको बजेट बाडफाँड सम्बन्धमा।**	नेपाल सरकारबाट प्राप्त भएको विशेष अनुदानको बजेटलाई संघीय विशेष अनुदान सम्बन्धी कार्यविधि, कार्यक्रम प्रस्तावना प्रतिवेदन लगायतका आधारमा उक्त बजेटबाट अनुसूची-२ बमोजिमका क्रियाकलाप सञ्चालन हुने गरी बजेट विनियोजन गर्ने।
८	**प्रतिभा प्रवर्द्धन तथा साँस्कृतिक कार्यक्रम सञ्चालन मापदण्ड निर्माण गर्ने सम्बन्धमा**	लुङ्ग्री गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न प्रतिभा प्रवर्द्धनका क्रियाकलापहरु, साँस्कृतिक कार्यक्रमहरुलाई व्यवस्थित र मर्यादित बनाउनका लागि अनुसुची-३ मा उल्लेख भए बमोजिमको "**प्रतिभा प्रवर्द्धन तथा साँस्कृतिक कार्यक्रम सञ्चालन मापदण्ड, २०८३**" स्विकृत नें।

अनिल रिजाल

कार्यपालिका सचिव

**द्रष्टव्य: निर्णयको पूर्ण पाठ तथा सम्बन्धित विस्तृत विवरण गाउँ कार्यपालिकाबाट प्राप्त गर्न सकिनेछ।*